कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
वागमती प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/४/२१)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपशिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न नगर कार्यपालिकाको मिति: २०८०/०४/१७ गतेको बैठकको निर्णयअनुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, नियम अनुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि ***https://www.bolpatra.gov.np/egp/***मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरुतथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि योसूचना प्रकाशन गरिएको छ। बोलपत्र फारम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट ***https://www.bolpatra.gov.np/egp/*** बाट **Download** गरि नियम अनुसार बोलपत्र फारम भर्न सकिनेछ।

तपसिल

| क.सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउँने परिमाण (घन मि.) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ विड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८०/८१ | कमलानदी कर्करे - सिस्नेरी खण्ड (IEEले तोकेको क्षेत्र ) | १६८६० | ५३,५३,३८७२० | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| २ | २/२०८०/८१ | कमला- भिमान खोला दोभान खण्ड (IEEले तोकेको क्षेत्र ) | २५३० | ८,०३,३२५।६० | १०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ३ | ३/२०८०/८१ | कमलानदी चन्दनपुर क खिरखिरे कमला दोभान माथिल्लो खण्ड (IEEले तोकेको क्षेत्र ) | २२३०० | ७०,८०,६९६।- | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ४ | ४/२०८०/८१ | कमलानदी चन्दनपुर ख खिरखिरे कमला दोभान तल्लो खण्ड (IEEले तोकेको क्षेत्र ) | ३६४५० | १,१५,७३,६०४।- | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ५ | ५/२०८०/८१ | बुका खोला र गडौली खोला खण्ड (IEEले तोकेको क्षेत्र ) | १९०५ | ६,०४,८७५।६० | १०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ६/२०८०/८१ | ग्वाँङ खोला फाल्चुरी कारागार खण्ड ( IEEले तोकेको क्षेत्र ) | ४४१० | १४,००,२६३।२० | १०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ७ | ७/२०८०/८१ | मरिण खोला ढंगेडाँडा ( खारखोला) खण्ड खण्ड (IEEले तोकेको क्षेत्र ) | १२९५० | ४१,११,८८४।- | ३०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ८ | ८/२०८०/८१ | धमिले खोला सहरे तथा जिर्घा खोला खण्ड ( IEEले तोकेको क्षेत्र ) | ५२३५ | १६,६२,२१७।२० | १०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |
| ९ | ९/२०८०/८१ | मरिण खोला-धनमाना मरिण दोभान हात्तिगौडा | ११२१२ | ३५,६०,०३४।२४ | ३०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMOको e-Bidding Systemअनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMOको e-Bidding Systemअनुसार |

ठेक्का सम्बन्धी शर्तहरु :

(१) बोलपत्र फारमका साथ माथि तोकेको दस्तुर तिरेको नगदी रसिद, निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाणपत्र, नियम अनुसार कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखि माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://bolpatra.gov.np/egp/ बाट बोलपत्र फारम Downloadगरि नियम अनुसार बोलपत्र फारम भर्न सकिनेछ । माथि तोकिए बमोजिम बोलपत्र दस्तुर कमलामाई नगरपालिकाको आन्तरिक राजश्व खाता नं. १०६०१००३०१०१०००३ जम्मा गरी सोको भौचर बोलपत्र फारमको साथ संलग्न राख्नुपर्नेछ ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउँने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १०६०१००३०३००००३ मा जम्मा गरी सोको नगदी भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको बिडबण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको १:०० बजे कमलामाई नगरपालिकाको खरिद इकाइ, राजश्व शाखाकाका प्रतिनिधि एवं ठेकेदारहरुको रोहवरमा कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

(४) माथि उल्लेख भएको बोलपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

(५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको योजना/राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

(६) म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(७) बोलपत्र स्वीकृत भएमा सम्झौताका लागि सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ (पच्चीस) प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । बाँकी ७५ ( पचहत्तर) प्रतिशत ले हुने रकम क वर्गको वाणिज्य बैंकबाट २०८१ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको शर्तरहित बैंक जमानत ( परफरमेन्स वण्ड ) समेत पेश गरी पट्टा उठाउनु पर्छ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सो मा नियमअनुसार लाग्ने मूल्यअभिवृद्धी कर थप १३ (तेह्र) प्रतिशत रकम समेत ठेकेदारले बुझाउनुपर्नेछ । नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

(८) बोलपत्रदाताले दोश्रो किस्ता फाल्गुन मसान्त सम्ममा ४० (चालिस) प्रतिशत र बाँकी ३५ (पैतीस प्रतिशत) जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।

(९) उल्लेखित अनुसार ठेक्का स्वीकृत रकम सम्बन्धी अंक एक मुष्ठ बुझाएमा कबोल अंकको ५ प्रतिशत रकम छुट दिइने छ ।

(१०) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम वा विड बण्ड जफत गरी नियमअनुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बामोजि हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

११) यस ठेक्काको अवधि २०८१ जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

( नोट: विस्तृत जानकारीका लागि यस कार्यालयको **Website www.kamalamaimun.gov.np** मा हेर्न सकिनेछ । )

प्रमुख प्रशासकीय अधिकृत

**सुर्य प्रसाद दाहाल**
**प्रमुख प्रशासकिय अधिकृत**